आज मिति २०७५ साल वैशाख २४ गतेका दिन राप्ती सोनारी गाउँपालिकाको अध्यक्ष श्री लाहुराम थारु ज्यूको अध्यक्षतामा गाउँपालिकाको मासिक बैठक निम्न पदाधिकारी ज्यूहरुको उपस्थितीमा बसी निम्न प्रस्तावहरु माथी छलफल गरी निर्णय गरियो ।

तपसिल

| | | |
|---|---|---|
| श्री लाहु राम थारु | - अध्यक्ष | |
| श्री धनी कुमारी खत्री | - उपाध्यक्ष | |
| श्री चन्द्र बहादुर वली | वडा अध्यक्ष | वडा नं १ |
| श्री मदन कुमार वली | " | वडा नं २ |
| श्री गंगा राम थारु | " | वडा नं ३ |
| श्री कान्छा थारु | " | वडा नं ४ |
| श्री भगद्द थारु | " | वडा नं ५ |
| श्री जनक बहादुर थारु | " | वडा नं ६ |
| श्री राम लखन थारु | " | वडा नं ७ |
| श्री सुक बहादुर वस्नेत | " | वडा नं ८ |
| श्री महावि वली | " | वडा नं ९ |
| श्री धनकला जैसी | महिला सदस्य | |
| श्री नैनी कुमारी खत्री | —"— | |
| श्री मीना कुमारी विष्ट | —"— | |
| श्री लिला नेपाली | —"— | |
| श्री देव राज कुमाल | दलित अल्पसंख्यक सदस्य | |
| श्री पतरी दमाई | —"— | |
| श्री नरोत्तम ओली | प्रमुख प्रशासकीय अधिकृत | |

प्रस्तावहरु :

१. छात्रवृत्तिमा विनियोजित रकमका सम्बन्धमा :

२. स्थानीय विपद् व्यवस्थापन समितिमा सदस्य र विज्ञ छनौट गर्ने सम्बन्धमा

३. रेडियो कार्यक्रम संचालनका सम्बन्धमा

४. पत्रकारिता तालिम संचालनका सम्बन्धमा

५. मन्दिरलाई सहयोग गर्ने

६. उपभोक्ता समितिसंग संझौता गर्ने र पेश्कीका सम्बन्धमा

७. गाउँपालिकास्तरीय खेलकुद कार्यक्रमका सम्बन्धमा

८. भिलेज प्रोफाइल सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा

**निर्णयहरु**

**निर्णय नं. १.** मिति २०७४।५।२७ मा बसेको गाउँसभाबाट प्राविधिक शिक्षा कार्यक्रमका लागि विनियोजित रकम रु ४ लाख प्राविधिक शिक्षा अध्ययन गर्न ईच्छुक यस गाउँपालिका भित्रका गरिब तथा जेहेन्दार विद्यार्थीहरुको मापदण्ड तोकी छनौट गर्न शिक्षा समितिलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. २.** यस गाउँपालिका अन्तर्गत मिति २०७५।०१।१० मा गठित स्थानीय विपद् व्यवस्थापन समितिमा निम्नानुसार सदस्य तथा विज्ञ छनौट गरी समितिलाई पूर्णता दिने निर्णय गरियो ।

क) विज्ञतर्फ

१. श्री लेखराज वली , नेपाल रेडक्रस उपशाखा, कुसुम
२. श्री दोलख डाँगी, नेपाल रेडक्रम
३. श्री गोविन्द वाग्ले, नेपाल रेडक्रस

ख) स्थानीय संघसंस्था, गैससको तर्फबाट

१. तुलाराम खत्री, वन तथा वातावरण समन्वय समिति
२. संगीता चौधरी, बेस शाखा, बाँके

**निर्णय नं. ३.** गाउँपालिकाभित्र संचालन भईरहेका विकास गतिविधिहरु र विभिन्न सन्देशमूलक सूचनाहरु संप्रेषण गरी गाउँपालिकाबासीलाई सुसूचित गर्नका लागि विनियोजित बजेट रु २ लाख ५० हजार रकम मध्येबाट कार्यक्रम उत्पादन, संचालन र प्रशारण गर्न रु २ लाख रेडियो हिमाल एफ. एम र रेडियो सदभाव एफ.एमलाई जिम्मा दिने र उक्त कार्यक्रममा अर्जुन वलीलाई संयोजन गर्ने जिम्मा दिने निर्णय गरियो । बाँकि रहेको रु ५० हजार मध्येबाट जलजला टेलिभिजनलाई रु २० हजार र टेलिभिजन कार्यक्रम संचालन गर्न ~~विमला चौधरी~~ ममता थापालाई रु ३० हजार प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४.** स्थानीय युवाहरुलाई पत्रकारिता तालिम संचालन गर्न विनियोजित रु २ लाख रकमबाट उक्त तालिम संचालन गर्न भनी प्रस्ताव पेश गर्ने कोहलपुर क्रियटिभ ग्रुपलाई जिम्मा दिने निर्णय गरियो

**निर्णय नं. ५.** निम्न मन्दिरहरुको संचालन एवम् व्यवस्थापन गर्न सहयोग पुऱ्याउने उदेश्यले निम्न मन्दिरहरुमा देहाय अनुसार सहयोग गर्ने निर्णय गरियो

| क्र.सं. | उदेश्य | मन्दिरको नाम | ठेगाना | निर्णय भएको रकम |
|---|---|---|---|---|
| १ | यज्ञ संचालन | शिव मन्दिर | वडा नं.५ ललही टोल | रु १०,०००। |
| २ | दोश्रो ब्रम्ह उत्सव | राधाकृष्ण मन्दिर | वडा नं.७ | रु १०,०००। |
| ३ | धार्मिक प्रवचल | पिण्डेश्वर महादेव | वडा नं.४ | रु १०,०००। |

**निर्णय नं. ६.** उपभोक्ता समिति गठन गर्ने, उपभोक्ता समितिसंग संभौता गर्ने कार्यलाई बैशाख मसान्तसम्ममा सम्पन्न गर्ने । सामान्यतया बैशाख मसान्तपछि वडा कार्यालयहरुले पेश्कीका लागि सिफारिस नगर्ने । वडा कार्यालयहरुलाई आफनो वडाभित्र संचालन हुने कुनै योजनाको काम गर्न उपभोक्ता समितिलाई पेश्की नदिंदा योजनाको काम प्रभावित हुन सक्ने अवस्था देखिएमा जेठ महिनाको पहिलो सातासम्म ती योजनाको हकमा वडा कार्यालयको सिफारिस बमोजिम पेश्की प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७.** राप्ती सोनारी गाउँपालिकाभित्रका युवाहरुलाई खेलकुदप्रति आकर्षित गरी खेलकुद विकासमा सहयोग पुग्ने गरी गाउँपालिका स्तरीय फुटवल र भलिवल कार्यक्रम संचालन गर्न राप्ती सोनारी युवा क्लवलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. ८.** भिलेज प्रोफाइल तयार गर्ने सम्बन्धी प्रस्तावमा छलफल हुँदा यस गाउँपालिकाको भिलेज प्रोफाइल तयार गर्नुपर्ने भई मिति २०७४।१२।२१ मा बाँके पोष्टमा प्रकाशित सूचना बमोजिम प्रस्ताव पेश गर्ने सुश्री मिडिया प्रा.ली. , रेन्वो मिडिया प्रा.ली. नयाँ बजार काठमाडौं र मिसन इन्टरटेनमेन्ट प्रा.ली. अनामनगर काठमाडौं को प्रस्तावहरु मिति २०७५।१।२ मा खोली मूल्यांकन गर्दा प्राप्त प्रस्तावहरु मध्ये मिसन इन्टरटेनमेन्ट प्रा.ली.काठमाडौंको प्रस्ताव कार्य क्षेत्रगत शर्तहरु अनुसार सारभूत रुपमा प्रभावकारी भएको भनी मूल्यांकन समितिबाट छनौट भएको हुँदा उक्त मिसन इन्टरटेनमेन्ट प्रा.ली.काठमाडौंको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।